CHANDRAGIRI HILLS LTD.
WHERE WISHES COME TRUE

प्रेस विज्ञप्ति

# चन्द्रागिरिमा पृथ्वीनारायणको मूर्तिचित्र अनावरण

काठमाडौं, चन्द्रागिरि पुस २७ गते । पृथ्वीनारायण शाहको २९५ औं जन्मजयन्तीको अवसरमा चन्द्रागिरि हिल्स लिमिटेडको टप स्टेशनस्थित भालेश्वर मन्दिरको नजिकै पृथ्वीनारायण शाहको मूर्तिचित्र स्थापना गरिएको छ । चन्द्रागिरि हिल्स लिमिटेडद्वारा निर्मित मूर्तिचित्र एक देशभक्त नागरिकका हैसियतले नेपाली सेनाका प्रधानसेनापति महारथी श्री राजेन्द्र क्षेत्रीज्यूले आज अनावरण गर्नुभएको हो । चन्द्रागिरि पर्वत पृथ्वीनारायण शाहको एकीकरण अभियानसँग सम्बन्धीत रहेकाले उनको सम्झनामा मूर्तिचित्र निर्माण गरिएको हो । पृथ्वीनारायण शाहले चन्द्रागिरि डाँडाबाट उपत्यकका तीनै सहरको दृश्यावलोकन गरी एकीकरणको योजना बनाएको उनका दिव्योपदेशमा उल्लेख गरिएको छ ।

चन्द्रागिरि हिल्स लिमिटेडका अध्यक्ष श्री चन्द्रप्रसाद ढकालले विगत सात वर्षदेखिको अथक मेहनत र निरन्तरको परिश्रमपछि परियोजना सम्पन्न भएको जानकारी दिँदै परियोजना निर्माणमा स्थानीय समुदायबाट प्राप्त सहयोगको प्रशंशा गर्नुभयो । पृथ्वीनारायण शाहको एकीकरण अभियानसँग जोडिएको यस चन्द्रागिरि पर्वतमा वहाको २९५ औं जन्मजयन्तीका अवसरमा मूर्तिचित्र निर्माण गर्न पाएकोमा खुशी व्यक्त गर्दै अध्यक्ष ढकालले चन्द्रागिरि हिल्स लिमिटेड सम्पूर्ण पर्यटककहरुका लागि सजिलो गन्तव्य बन्दै गएको जानकारी दिनुभयो । चन्द्रागिरि हिल्स लिमिटेडका संचालक हेमराज ढकालले देवादीदेव महादेवले सतीदेवीको मृत शरीरलाई बोकेर पृथ्वी परिक्रमा गर्दा सतीदेवीको भाल अर्थात निधार पतन भएर भालेश्वर महादेव उत्पति भएको भन्ने कुरा स्वस्तानी कथामा बर्णन गरिएकाले धार्मिक पर्यटनका दृष्टिले पनि चन्द्रागिरि महत्वपूर्ण रहेको विचार व्यक्त गर्नुभयो ।

चन्द्रागिरि हिल्स लिमिटेडका अध्यक्ष श्री चन्द्रप्रसाद ढकालको सभापतित्वमा सम्पन्न मूर्तिचित्र अनावरण कार्यक्रममा चन्द्रागिरि हिल्स लिमिटेडका संचालकहरू एवम् कर्मचारीहरुको उपस्थिती रहेको थियो ।

**<u>दर्शनार्थीहरूका लागि व्यवस्था भएका सुविधा :-</u>**

चन्द्रागिरि हिल्स लिमिटेडले चन्द्रागिरि केबलकार चढेर भालेश्वर महादेवको दर्शन गर्न आउने दर्शानार्थी तथा घुम्न आउने पर्यटकहरुको लागि अशोक लेलेण्डको ४२ सिट क्षमता भएको निशुल्क बस सेवाको व्यवस्था गरेको छ । बसहरु प्रत्येक दिन बिहान साढे सात बजे काठमाडौंको महाराजगञ्ज

Chandragiri Hills Ltd.
(Formerly known as Kathmandu Fun Park Ltd)
City office: IME Complex, 4th Floor,
Panipokhari, Kathmandu, Nepal
Tel: 977-1-4430600 | Fax: 977-1-4002582
www.chandragirihills.com

र कोटेश्वरस्थित भाटभटेनी सुपर मार्केटबाट लाग्ने छन् । महाराजगञ्ज भाटभटेनीबाट छुट्ने बस नयाँ बसपार्क, बालाजु भाटभटेनी, स्वयम्भू, कलङ्की हुँदै चन्द्रागिरि केबलकारसम्म पुग्ने छ भने कोटेश्वर भाटभटेनीबाट छुट्ने बस बालकुमारी, ग्वार्को, सातदोबाटो, एकान्तकुना, बल्खु, कलङ्की हुँदै चन्द्रागिरिसम्म केबलकार पुग्ने छ । यि बसहरु तत् स्थानहरु हुँदै फर्कने छन् । चन्द्रागिरि केबलकारको टिकट काठमाडौंस्थित आईएमई सेन्टर एवम् भाटभटेनी काउन्टरबाट पनि लिन सकिन्छ ।

***चन्द्रागिरि हिल्स लिमिटेड*** :-

काठमाडौंको दक्षिण-पश्चिममा अवस्थित चन्द्रागिरि पर्वत धार्मिक, ऐतिहासिक र पर्यटकीय दृष्टिले अत्यन्तै महत्वपूर्ण मानिन्छ । नेपालको आन्तरिक पर्यटनलाई प्रवर्द्धन गर्ने एवं बाह्य पर्यटकहरुको नेपाल बसाईलाई एक दिन लम्ब्याउने उद्देश्यले यस पर्वतमा चन्द्रागिरि हिल्स लिमिटेडको स्थापना भएको हो ।

समुद्री सतहबाटकरिव १,५०० मिटरको उचाईंमा रहेको चन्द्रागिरि फेदीबाट केबलकार चढेर २,५५१ मिटरको उचाईंमा अवस्थित ‘भालेश्वर महादेव’ को दर्शन गर्न सकिन्छ । म्यानुअल बालउद्यान, भ्यु टावर, रेष्टुरेन्टर, बहुउद्देश्यीय हल सहित निर्माण गरिएको चन्द्रागिरि पर्वतबाट राजधानी सहर, सगरमाथादेखि पश्चिममा काञ्जिरोवा हिमाल एवं अन्य हिमश्रृङ्खला सहित सिन्धुपाल्चोक, नुवाकोट, रसुवा, गोरखा, तनहुँ, मकवानपुर, चितवनका पहाडी क्षेत्रसमेत देख्न सकिन्छ भने चन्द्रागिरि डाँडाको दक्षिणी भेगका टिस्टुङ्ग, फाकेल, चित्लाङका रमणीय गाउँहरू स्पष्ट रूपमा नियाल्न सकिन्छ । संभवत नेपालको पहिलो अपांङ्ग मैत्री भौतिक संरचना यहाँको अर्को विशेषता हो ।

गत साउन २४ गतेबाट व्यवसायीक संचालनमा आएको चन्द्रागिरि केबलकारको सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ ज्यूले गत मङ्सिर ३० गते समुद्घाटन गर्नुभएको थियो ।

विश्वविख्यात केबलकार निर्माता अष्ट्रियन कम्पनी डोप्लमेयरको प्रविधि जडित चन्द्रागिरि केबलकारले प्रतिघण्टा एक हजार जनासम्मयात्रु बोक्ने क्षमता राख्दछन् । केबलकार संचालनमा आएदेखि २०७३ साल पौष २५ गतेसम्म २ लाख ८२ हजार ४ सय ३० जनाले केबरकारको यात्रा गरेर भालेश्वर महादेवको दर्शन गरिसक्नु भएको छ ।

Chandragiri Hills Ltd.
(Formerly known as Kathmandu Fun Park Ltd)
City office: IME Complex, 4th Floor,
Panipokhari, Kathmandu, Nepal
Tel: 977-1-4430600 | Fax: 977-1-4002582
www.chandragirihills.com

धन्यवाद !

चन्द्रागिरि हिल्स लिमिटेड

Chandragiri Hills Ltd.
(Formerly known as Kathmandu Fun Park Ltd)
City office: IME Complex, 4th Floor,
Panipokhari, Kathmandu, Nepal
Tel: 977-1-4430600 | Fax: 977-1-4002582
www.chandragirihills.com